आज मिति २०८२ साल कार्तिक २५ गते विहान ८:०० बजे शनिबारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ६२ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यू को अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

<u>उपस्थिति</u>

| क्र सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | — |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | प्रेमा |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| १४ | श्री रमेश वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| १५ | श्री रुपा थापा वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| आमन्त्रित कर्मचारीहरु | | | | |
| १ | श्री नेम बहादुर खत्री | योजना तथा अनुगमन शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री छविजंग मल्ल | आर्थिक प्रशासन शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |
| ३ | ई श्री पवन कुमार कार्की | पूर्वाधार विकास शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ५ | श्री लोकेन्द्र बहादुर भण्डारी | लेखा अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ६ | श्री वीरेन्द्र बहादुर रावत | शिक्षा अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

१ /३/

**मिति २०८२/०७/२५ गतेको ६२ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु**

**प्रस्तावहरु :**

**प्रस्ताव नं.१**

यसपूर्वका कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन समिक्षा सम्बन्धमा ।

**प्रस्ताव नं. २**

गाउँपालिकाबाट पारिश्रमिक पाउँने गरी नियुक्त भएका शिक्षक,वाल विकास सहजकर्ता र विद्यालय कर्मचारीको अपुग तलबको सुनिश्चितता तथा सेवाको निरन्तरता सम्बन्धमा ।

**प्रस्ताव नं. ३**

खरिद विक्रि तथा अन्य प्रयोजनका लागि जग्गा वर्गीकरण गर्न श्रोत सुनिश्चतता गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं. ४**

भवानी मा वि वाहाँकोटको पुरानो ट्रस भवन भत्काउँन अनुमति माग सम्बन्धमा ।

**प्रस्ताव नं. ५**

ठाटीकाँध विजारे धनकोट नौंलावन काँध सडक मर्मत तथा स्तरोन्नति कार्यको भेरियशन अर्डर स्वीकृत गर्ने सम्बन्धमा।

**प्रस्ताव नं. ६**

स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना ( LDCRP) निर्माण सम्बन्धमा ।

**प्रस्ताव नं. ७**

ठाटीकाँध गाउँपालिकाको तर्फबाट अख्तियारी सहित प्रतिनिधि तोक्ने सम्बन्धमा ।

**प्रस्ताव नं. ८**

कानुनी सल्लाहकार नियुक्ति गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं. ९**

आधारभूत स्वास्थ्य चौकी प्याङुलीको विद्यूत वायरिङ खर्च भुक्तानी सम्बन्धमा ।

ठाटीकाँध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लकान्द्रे, दैलेख कर्णाली प्रदेश नेपाल

**निर्णयहरु :**

**निर्णय नं. १**

प्रस्ताव नं १ माथि छलफल गर्दा यसपूर्वका कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे छलफल गरियो र कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरु कार्यान्वयनका लागि कार्यपालिकाको कार्यलयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिकाबाट तलब पाउँने गरी नियुक्त भएका शिक्षक,वाल विकास सहजकर्ता र विद्यालय कर्मचारीको अपुग तलबको सुनिश्चितता र सेवाको निरन्तरता सम्बन्धमा व्यापक छलफल भयो । सो सम्बन्धमा गाउँपालिकाको आर्थिक श्रोतको अवस्था समेत विचार आवश्यकता र औचित्यताका आधारमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

**तपसिल**

**क. गत/आ ब २०८१-०८२ देखि चालु आ ब २०८२-०८३ सम्म भुक्तानी दिनुपर्ने तलब सम्बन्धमा:**

CamScanner

| क सं | विवरण | हाल कार्यरत शिक्षक संख्या | अघिल्लो आ व सम्म भुक्तानी बाँकी तलब रु | चालु आ व मा भुक्तानी दिनुपर्ने तलब रु | जम्मा रु |
|---|---|---|---|---|---|
| १ | शिक्षक | ६३ | ११६८१८३३ | १८२१७२३४ | २९८९९०६७ |
| २ | वालविकास सहजकर्ता संघीय अनुदानमा थप | २० | १८२०००० | १८२०००० | ३६४०००० |
| ३ | गाउँपालिकाबाट थप भएका वालविकास सहजकर्ता | २३ | ४९९२००० | ५०८३००० | १००७५००० |
| ४ | विद्यालय कर्मचारी का.स. समेत | ४६ | ३०४४८३३ | २६६५००० | ५७०९८३३ |
| ५ | थप हुने विद्यालय कर्मचारी | २ | ०० | १६८००० | १६८००० |
| | जम्मा रकम रु | | २१५३८६६६ | २७९५३२३४ | ४९४९१९०० |

ख. चालु आ ब मा विनियोजन भएको रु.-१,६६,००,०००/०० (हालसम्म रु १२३२५५०० खर्च भई रु ४२,७४,५०० बाँकी रहेको)

ग.अपुग श्रोत सुनिश्चतताका लागि चालु आ ब को स्वीकृत कार्यक्रम तथा बजेट आगामी १८ औं गाउँसभाबाट संशोधनका लागि पेश गर्ने सम्बन्धमा:

| क सं | कार्यक्रम र बजेट क्रमसंख्या नं | कार्यक्रम र बजेट शीर्षक | संशोधन हुनसक्ने रकम रू | स्रोत |
|---|---|---|---|---|
| १ | २ | गाउँपालिकामा कार्यरत करार कर्मचारी तलब र पोशाक भत्ता | ६००००००।- | राजस्व वाडफाँड संघ |
| २ | ३४ | स्थानीय पाठ्यक्रमको पाठ्यपुस्तक छपाई | ४००००० | राजस्व वाडफाँड प्रदेश |
| ३ | ४३ | जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास कार्यक्रम | ४००००० | राजस्व वाडफाँड संघ |
| ४ | ४६ | वडा कार्यालय स्वास्थ्य संस्था तथा माध्यमिक विद्यालययमा ई हाजिरी जडान | ४५०००० | राजस्व वाडफाँड संघ |
| ५ | ५० | सामाजिक परिक्षण | २००००० | राजस्व वाडफाँड संघ |
| ६ | ५७ | बेरुजु फर्छ्योटका लागि समपरीक्षण पूर्व तयारी | १००००० | राजस्व वाडफाँड संघ |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यक्रम खर्च | | |
| ७ | ६१ | विभिन्न उपभोक्ता समितिका पदाधिकारीलाई अभिमुखिकरण कार्यक्रम संचालन | १५०००० | राजस्व बाडफाँड प्रदेश |
| ८ | ६३ | वजार क्षेत्रमा सि सि क्यामरा जडान | ५००००० | राजस्व बाडफाँड संघ |
| ९ | ६६ | भूमि आयोग सम्बन्धी कार्यक्रम संचालन | २००००० | राजस्व बाडफाँड प्रदेश |
| १० | ६९ | विभिन्न पर्व दिवश समारोह खर्च व्यवस्थापन खर्च | ३००००० | राजस्व बाडफाँड प्रदेश |
| ११ | ७० | मध्यकालिन खर्च संरचना निर्माण | १००००० | राजस्व बाडफाँड प्रदेश |
| | जम्मा रकम रु | | ८८००००० | |

घ.थप अपुग श्रोत व्यवस्थापन सम्बन्धमा: थप अपुग रकम रु २४०९१९०० को लागि स्रोत खोजि गर्न गाउँसभामा प्रस्ताव पेश गर्ने।

ङ. शिक्षक,वाल विकास सहजकर्ता र विद्यालय कर्मचारीको सेवाको निरन्तरता र गाउँपालिकाबाट दिँदै आएको थप सुविधा सम्बन्धमा:

गाउँपालिका अनुदान शिक्षक, बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र का स हरुको हालसम्म भुक्तानी हुन वाँकी तलब भत्ता रकम मिति २०८२ साल चैत्र महिना भित्र ५ महिनाको भुक्तानी गर्ने र वालविकास स.का, विद्यालय कर्मचारी र का.स हरुलाई गाउँपालिका बाट थप गरिएको रकममा संघीय सरकारको तलब वृद्धि लाई आधार मानि मिति २०८२।०४।०१ गते देखि लागु हुने गरी थप रकम स्रोत अभावका कारण दिन नसकिने र मिति २०८२।०४।०१ देखि नै लागु हुने गरी गाउँपालिकाबाट नियुक्त भएका वालविकास स.का हरुको तलब मासिक रु १२००० का दरले कायम हुने गरी भुक्तानी गर्न गाउँ कार्यपालिका लाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा जग्गा खरिद विक्री तथा अन्य विभिन्न प्रयोजनका लागि यस गाउँपालिका क्षेत्रभित्रको जग्गा वर्गीकरण सम्बन्धी काम गर्न आबश्यक भएको र सो का लागि चालु आ ब मा रु ४ लाख विनियोजन भएको तर उक्त रकम अप्रयाप्त हुने भएकाले सफ्टवेयर तथा सूचना प्रविधि अन्य पूर्वाधार विकास शीर्षकमा विनियोजित रकमबाट अपुग रकम रु ४ लाख थप गरी कुल बजेट रु ८ लाख कायम गर्ने र जग्गा वर्गीकरणको प्रकृया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भवानी मा वि वाहाँकोटको प सं २०८२।०८३, चलानी नं ३७ र मिति २०८२।०७।२१ को पत्रानुसार उक्त विद्यालयको पुरानो ट्रसवाला २ कोठे जीर्ण भवन भत्काई

उक्त स्थानमा सामाजिक विकास कार्यालय दैलेख मार्फत कर्णाली प्रदेश सरकारको अनुदान रु ४० लाखबाट नयाँ भवन निर्माणका लागि अनुमति माग भई आएकोमा प्राविधिक मुल्यांकनका आधारमा उक्त पुरानो जीर्ण भएको ट्रसवाला भवन भत्काउँन अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यपालिका कार्यालय अन्तर्गत पूर्वाधार विकास विकास तथा वातावरण शाखाबाट पेश भए अनुसार निम्न योजनाको निर्माण कार्य गर्दा पलम कंक्रिटको काम सुरु सम्झौता भन्दा बढी गर्नु पर्ने भएकाले स्वीकृत बजेट शीर्षकबाट नै खर्च हुने गरी देहाय अनुसार भेरियसन अडर गर्न आवश्यक देखिएकाले गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

भेरियसन सम्बन्धी विवरण

| क्र सं | योजनाको नाम | लागत अनुमान मु अ कर र पि एस सहित रु | शुरु सम्झौता मु अ कर र पि एस सहित रु | संशोधन गरी कायम हुने सम्झौता मु अ कर र पि एस सहित रु | सृजना हुने थप दायित्व मु अ कर र पि एस सहित रु |
|---|---|---|---|---|---|
| १ | ठाटीकाँध विजारे धनकोट काँध नौलावन सडक मर्मत तथा स्तरोन्नति योजना ठाटीकाँध गा पा १ दैलेख-TRM/DLK/NCB/TBDNKSNTS/04/2081/082 | ३८००००००1०० | ३५६२४७१९1६३ | ३९०८८०६२1४५ | ३४६३३४२1८२ |

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको अधिकांश भाग विपद् जोखिमका दृष्टिले अति संवेदनशील भएको र सो का कारण सृजना हुने जोखिमलाई न्युनीकरण गर्न कार्ययोजना ढाँचा निर्माण गर्नु आवश्यक भएकाले चालु आ ब को विपद् व्यवस्थापन शीर्षकमा विनियोजन रकमबाट रु ४ लाख नबढ्ने गरी गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना ( LDCRP) निर्माण प्रकृया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा मालिका मा वि ठिमुरेका ततकालीन वि व्य स अध्यक्ष श्री जीर बहादुर शाहीले मिति २०८२।०७।१४ मा श्री उच्च अदालत सुर्खेतमा दिएको रिट नं ०८२-WO-००२३ को मुद्दा सम्बन्धी सम्पूर्ण कामकाज गर्नका लागि उक्त मुद्दाका प्रतिवादी श्री ठाटीकाध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,श्री मालिका माध्यामिक विद्यालय ठिमुरे वडा नं ५ ठाटीकाँध र श्री ठाटीकाध गाउँपालिका शिक्षा युवा तथा खेलकूद शाखा समेतलाई विपक्षी बनाईएकोमा विपक्षी श्री ठाटीकाँध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र श्री ठाटीकाध गाउँपालिका शिक्षा युवा तथा खेलकूद शाखा को तर्फबाट शिक्षा युवा तथा खेलकूद शाखाका सातौं तहका वरिष्ठ शिक्षा अधिकृत श्री नेत्र बहादुर थापालाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं ८

CamScanner

प्रस्ताव नं. ८ माथि छलफल गर्दा मालिका माध्यामिक विद्यालय ठिमुरेका तत्कालीन वि व्य स अध्यक्ष श्री जीर बहादुर शाहीले मिति २०८२।०७।१४ मा श्री उच्च अदालत सुर्खेतमा दिएको रिट नं ०८२-WO-००२३ को मुद्दा सम्बन्धी लिखित जवाफ तयार गर्न, अदालतमा आबश्यक वहस पैरवी गर्न र सो सम्बन्धी अन्य कामकाजका लागि कानुनी सल्लाहकारको रुपमा अधिवक्ता प्रमाणपत्र नं ८५१२ का दैलेख आठवीस नगरपालिका वडा नं २ निवासी श्री मातृका प्रसाद खनाललाई जिम्मेवारी दिने निर्णय गरियो ।साथै यस मुद्दा र यसभन्दा अगाडी समेतको मुद्दामा कानुनी सल्लाहकारको रुपमा परामर्श सेवा उपलब्ध गराएवापत् पारिश्रमिक तथा सेवा सुविधा चालु आ ब २०८२।०८३ को परामर्श सेवा शीर्षकमा विनियोजित रकम रु ५ लाख मध्येबाट सम्झौता अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं २ मा रहेको आधारभूत स्वास्थ्य चौकी प्याडुलीमा गत आ ब मा विघूत वायरिङ वापत् खर्च भएको रु ९९ हजार चालु आ ब मा मर्मत संभार शीर्षकमा विनियोजित रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत